# मदाने गाउँपालिका

गुल्मी जिल्ला, लुम्विनी प्रदेश,नेपाल

# मदाने गाउँपालिका

| वर्ष : ५ | अंक : ३४ |
|---|---|

## भाग २

**गाउँपालिका कार्यालयवाट मिति २०७८ मंसिर ७ गते मदाने गाउँपालिका**

मदाने गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७८

**सार्वजनिक जानकारीको लागि देहाए वमोजिम प्रकाशन गरिएको छ ।**

| | |
|---|---|
| कार्यपालिकावाट स्वीकृत मिति | २०७८।०८।०७ |
| स्थानीय राजपत्रमा स्वीकृत मिति | २०७८।०८।०७ |

आज्ञाले
कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

मदाने  गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र  सम्बन्धी कार्यविधि, २०७८

कार्यपालिकावाट स्वीकृत **<u>मिति २०७८/०८/०७ गतेको वैठक</u>**

राजपत्रमा प्रकाशित **<u>मिति २०७८/०८/०७ गतेको वैठक</u>**

प्रस्तावना

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्वन्धि कार्य संचालनको लागि गाउँपालिकाले मदाने  गाउँपालिकाको प्रशासकीय कार्यविधि ९ नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम मदाने  गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ  (१) यो कार्यविधिको नाम मदाने  गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि मदाने  गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

२. परिभाषा  (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क)  "कार्यपालिका"  भन्नाले मदाने  गाउँ कार्य पालिकालाई सम्झनु पर्छ ।

(ख)  "गाउँपालिका" भन्नाले मदाने  गाउँपालिका सम्झनु पर्छ ।

(ग)  "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानुन बमोजिम मदाने  गाउँपालिकाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(घ) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ङ) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि दिइने इजाजतपत्र सम्झनु पर्छ ।

(३) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

(४) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची—१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस मदाने  गाउँ कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची—५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि गाउँ कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको आर्थिक ऐन वमोजिम गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत आर्थिक ऐन बमोजिमको दस्तुर लिई निजलाई अनुसूची—३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(५) इजाजतपत्रको अवधि र नवीकरण

(१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित मदाने  गाउँ कार्यपालिकाको कार्यालयवाट आर्थिक ऐन वमोजिमको

दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न कागजात पेश गर्दा अनुसूची—४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्ष सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची—४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा आर्थिक ऐन बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

६) इजाजतपत्रको नामसारी ठाउँसारी र खारेजी

(१) नामसारी र ठाउँसारी गर्दा रु १०,००० (दश हजार) दस्तुर लाग्ने छ । निर्माण व्यावसायीले ईजाजतपत्र नामसारी वा ठाउँसारी गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

१. उद्योग व्यवसाय ठाउँसारी-नामसारी गरेको प्रमाण पत्र

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

३. नविकरण गरेको “घ” वर्गको निर्माण व्यवसायीक ईजाजत पत्रको प्रतिलिपि

४.नामसारीको लागि दुवै पक्षको संयुक्त निवेदन

५.प्रोपराईटरको मृत्यु भएको हकमा मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि

६.प्रचलित कानुन वमोजिम हकवालाको निवेदन

७. नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि

(२) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखिआएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखी आएमा ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(४) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वत खारेज हुनेछ ।

(५) उपदफा (१) वा (४) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

(६) उपदफा (१) बमोजिम इजाजतपत्र ठाउँसारी गरेमा इजाजतपत्र मदाने गाउँपालिकाबाट स्वत खारेज हुनेछ ।

७) इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा आर्थिक ऐन बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

८) प्रचलित कानुन बमोजिम हुने

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

९) बचाउः

यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची १

## प्राईभेट लिमिटेड कम्पनी /पब्लिक लिमिटेड कम्पनी कार्यविधिको दफा (२) को उपदफ (१) संग सम्बन्धित ईजाजत-पत्रको लागि दिईने दरखास्त

श्री मदाने गाउँ कार्यपालिकाको कार्यालय

**<u>बिषयः ईजाजत-पत्र पाउ भन्ने बारे</u>**

यस मदाने गाउँपालिकाको "मदाने गाउँपालिकाको "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७८" को दफा ४ बमोजिम निर्माण कार्य गर्नको लागि इजाजत पत्र पाउन निम्न विवरण भरि यो दरखास्त पेश गरेको छु ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको-**

नाम :- ठेगाना :- पोष्ट बक्सः-

टेलिफोन नं. :- फ्याक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| प्राईभेट लिमिटेड कम्पनी | | साझेदारी | |
| पब्लीक कम्पनी | | एकलौटी | |

(खाली कोष्ठमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-**

नाम थर :- ठेगाना :-

पोष्ट बक्स :-

फ्याक्स नं.:- ईमेल :-

**४. फर्म वा कम्पनीको विवरण :-**

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

**५. इजाजत-पत्र लिन चाहेको वर्ग** :- ( घ ) वर्ग

**६. समूहीकरण हुन चाहेको समूह :-**

**७. आर्थिक श्रोतको विवरण :-**

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|

| | | |
|---|---|---|
| स्थायी ओभर ड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण :-**

(क) प्राविधिक :-

(ख) अप्राविधिक :- .

(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ।

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात दर्ता प्रमाण-पत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-**

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेका साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको नाम,-
दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारामसाथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

## अनुसूची २

### कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

| क्र.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजत–पत्र दस्तुर रु. | ईजाजत–पत्र नवीकरण दस्तुर रु. | ईजाजत–पत्र नवीकरण थप दस्तुर रु. | ईजाजत–पत्र प्रतिलिपी दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | घ | गाउँपालिकाको आर्थिक ऐन बमोजिम | गाउँपालिकाको आर्थिक ऐन बमोजिम | गाउँपालिकाको आर्थिक ऐन बमोजिम | गाउँपालिकाको आर्थिक ऐन बमोजिम |
| | | | | | |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी  कार्यविधि २०७८ वमोजिमका दफा ३  को उपदफा (२) बमोजिम म्याद भित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजत-पत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर तिर्नु पर्नेछ ।

अनुसूची ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

# इजाजतपत्र

इजाजतपत्र                                                   मिति :- ....................

मदाने गाउँपालिका

गाँउ कार्यपालिकाको कार्यालय

ग’ल्मी

घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७८ को दफा (२) को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............स्थित कायालर्य भएको...................... फर्म वा कम्पनीलाइ ̧इजाजत-पत्र पद्रान गरिएको छ ।

ईजाजत-पत्र दिनेको,-
दस्तखत :-

नाम :

पद :-
मिति :-
कार्यालय :-

**नविकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनसुची-४

अनुसुची -४ निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क.सं | आयोजनाको नाम | सार्वजानिक निकायको विवरण | संयुक्त उपकमको नाम (यदि भएमा) | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवा हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समयः | क) Variation पछिको Contract Amout | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | | ख)सम्पन्न मिति | |
| | | | | | ग)ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | | घ) नाम | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | | पद | |
| | | | | | | | घ) निर्णय मिति | छाप | | हस्ताक्षर | |
| | | | | | | | छाप | | | छाप | |
| | | | | | | | | | | | |

# अनुसुचि-५

## <u>“घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता</u>

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :
(क) ट्रिपर /टयाक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

*द्रष्टव्य :*
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।